Worldwide women are working during all trimester of pregnancy for reasons including career pursuit and fulfillment, financial necessity, preservation of insurance, career advancement and preservation of postpartum leave time. Working pregnant women request advice and assistance from their clinicians to manage challenges that occur while being pregnant at work. If a woman is temporarily unable to perform her job due to a medical condition related to pregnancy or child birth the employer or other covered entity must treat her in the same way as it treats any other temporarily disabled employees. For example, the employer may have to provide light duty, alternative assignments disability leaves or unpaid leave to pregnant employees, but if she is okay with whatever she is doing there should not be any kind of obstruction regarding her work. So, it is in all our interest to work together to end up this sort of pregnancy and maternal discrimination in work places that prevents some of our best and brightest from continuing in their careers, whether through flexible working time or being supportive towards them.

References

Bureau of Labor Statistics. Employment Characteristics of Families--2019. https://www.bls.gov/news.release/pdf/famee.pdf (Accessed on April 26, 2020).

https://cbs.gov.np/wp-content/upLoads/2019/04/NLFS-III_Final-Report.pdf

https://www.forbs.com

https://www.sciencedirect.com/science/article/abs/pii/S0277953611000608

National Science Foundation. (2017). Summary report 1995: Doctoral recipients from US universities. Retrieved from https://wayback.archive-it.org/5902/20160210152000/http://www.nsf.gov/statistics/doctorates/pdf/sed1995.pdf

Organisation for Economic Co-Operaton and Development. Employment: Labour force participation rate, by sex and age group, 2014. http://stats.oecd.org/ (Accessed on October 04, 2016).

Pew Research Center. Working while pregnant is much more common than it used to be, 2015. http://www.pewresearch.org/fact-tank/2015/03/31/working-while-pregnant-is-much-more-common-than-it-used-to-be/ (Accessed on April 05, 2021).

Wood H, McKellar LV, Lightbody M. Nausea and vomiting in pregnancy: blooming or bloomin' awful? A review of the literature. Women Birth 2013; 26:100.

www.kathmandupost.com

www.theguardian.com

www.maternityaction.org.uk

भीम राज उप्रेती
अधिकृत
नेपाल नागरिक उड्डयन प्राधिकरण

सार्वजनिक सेवामा असल कार्य संस्कृति

सार्वजनिक प्रशासनको प्रभावकारिता यसका पात्रहरुको सोच, क्षमता, दक्षता, बुद्धि, विवेक र नैतिकतामा भर पर्दछ । सार्वजनिक सेवा प्रवाहको स्तर, नतिजा, पारदर्शिता, जवाफदेहिता, इमान्दारीता जस्ता विषयहरु सेवाको असल कार्य संस्कृतिसंग जोडिएका हुन्छन् । संगठन संरचना संगठनको Hardware हो भने असल कार्य संस्कृति Software हो । न्याय र नैतिकतामा आधारित स्वस्थ संगठन निर्माण गरी Ethical Infrastructure विकास गर्न पहिलो शर्तको रुपमा कार्य संस्कृतको नै भूमिका हुन्छ । समग्र कर्मचारीहरुको मूल्य, मान्यता, व्यवहार, विश्वास, प्रबृति, सोचका साथै संगठन नीति र सिद्धान्तको एकिकृत रुप नै कार्य संस्कृति हो । गराई, सोचाई र बोलाई बीचमा संगति हुनु पनि असल कार्य संस्कृति हो ।

मानिस असल कार्य संस्कृतिले महान् बन्छ । साहस, अनुशासन, धैर्य र लगनशीलता भए कुनै पनि मानिस असल बन्न सक्छ । जस्तोसुकै प्रतिकूल परिस्थितिलाई पनि सहज रूपमा लिएर अघि बढ्दा लक्ष्य प्राप्त गर्न सकिन्छ । आफ्नो कर्ममा निरन्तर लागिपर्नु चरित्र निर्माणको आधार हो । नि:स्वार्थ कर्ममा लागिरहने मानिस उदाहरणीय बन्छन् । उनीहरू प्रेरणाका स्रोत बन्न पुग्छन् । जापानको कार्य संस्कृतिमा यस्ता विशेषताहरु पाउन सकिन्छ । असल कार्य संस्कृतिलाई धर्म प्रथा परम्पर, मूल्य र मान्यतासँग मात्र जोड्ने वा हेरिने संकुचित अवधारणाले असल कार्य संस्कृतिको व्यापकतालाई न्याय गर्न सक्दैन ।

कर्मचारीहरुलाई काम गर्ने वातावरण संगठनले निर्माण गरेको हुन्छ । सङ्गठनभित्र मानवीय श्रम वृद्धि, र सिर्जनाबाट निर्माण हुने सबै प्रकारका भौतिक र बौद्धिक संस्थाहरु, संरचना र उत्पादन सबै संस्कृतिको बृहत अवधारणाभित्र पर्दछन् । सार्वजनिक सेवा समाजको प्रतिनिधिमूलक संगठन हो, जहाँ सांस्कृतिक, भाषिक, बौद्धिक, पदीय, जातीय तथा लैङ्गिक लगायतका दर्जनौं विविधताहरु संयोजित हुन्छन् । सुशासन, भ्रष्टाचार नियन्त्रण, संस्थागत दक्षता र नागरिकहरुको माग बमोजिम सेवा उत्पादन गर्न सक्ने गतिशिल प्रशासन संयन्त्रको मूल मुहान सांगठनिक कार्य संस्कृतिसँगै भेटिन्छ । मानवलाई यन्त्रवत रुपमा परिचालन गरी वाञ्छित नतिजा हासिल गर्न सकिन्छ भन्ने शास्त्रीय मान्यताहरु संवेगात्मक बौद्धिकता तथा संगठनात्मक मनोविज्ञानको उदयपश्चात छायाँमा परेकोले उत्कृष्ट कार्यसम्पादनका लागि winning minds and touching hearts का रणनीतिहरु नै अबका सही कार्यदिशा हुन् । प्रतिकूल अवस्थामा पनि धैर्यताका साथ काम गर्नु, असल उदेश्य राखी आफ्नो काममा तल्लिन हुनु, सेवा र सहयोगका लागि तत्पर रहनु, सामुहिकताको भावनाले काम गर्नु, अनुकरणीय चरित्रको विकासका लागि प्रेरित हुनु जस्ता गुणहरु असल कार्य संस्कृतबाट निर्माण भएका हुन्छन् ।

Harvard Business review ले विश्वब्यापी रुपमा सरकारी कर्मचारीहरु किन निजी क्षेत्रभन्दा अल्छी र लाचार तथा कम सिर्जनशील हुन्छन् भनी गरेको अध्ययन अनुसार पहिलो कारणमा अचानक र बारम्बार नेतृत्वको परिवर्तन हुनु, दोस्रोः उचित मूल्याङ्कन र सांगठनिक कार्य संस्कृतिको अभाव र तेस्रो वित्तीय प्रोत्साहनहरुको कमी तथा ट्रेड यूनियनहरुको गलत भूमिका पहिचान गरेको छ । सो अध्ययनका अनुसार सरकारी संरचना भित्रको समानता, अविभेद, नेतृत्व र सहायहकरुबीचको विश्वास, सहयोग, प्रोत्साहन र सहकार्य नै मूख्य रुपमा सांगठनिक सफलताको निर्णायक केन्द्रविन्दुमा रहेका हुन्छन् ।

असल कार्य संस्कृति किन ?

- ✓ खुला, पारदर्शी र जवाफदेही समाजको निर्माण गर्न,
- ✓ न्याय र नैतिकतामा आधारित स्वस्थ्य समाज निर्माण गर्न,
- ✓ सुशासनलाई सुदृढीकरण गर्न,
- ✓ सार्वजनिक निर्णयहरूलाई नागरिक समक्ष पुऱ्याउन,
- ✓ लोकत्रान्त्रिक मूल्य र मान्यताको प्रवर्द्धन गर्न,
- ✓ प्रशासनिक निर्णयहरूमा वैधता प्राप्त गर्न,
- ✓ सार्वजनिक प्रशासन प्रति जनताको विश्वासमा अभिवृद्धि गर्न,
- ✓ सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी र गुणस्तरीय बनाउन, कार्यसम्पादनको स्तर र दक्षतामा वृद्धि गर्न,
- ✓ अनुगमन र मूल्याङ्कन प्रणालीलाई वस्तुनिष्ठ बनाउन,
- ✓ सार्वजनिक स्रोत र साधनको दुरुपयोग रोकी यसको दक्ष, प्रभावकारी, मितव्ययी, समन्यायिक प्रयोग गर्न,
- ✓ भ्रष्टाचार रोकी दिगो, फराकिलो र समावेशी आर्थिक विकास र आर्थिक वृद्धि गर्न,
- ✓ असल शासकीय संस्कृतिको निर्माण गर्न,
- ✓ कानूनको शासनलाई व्यहारिक रुपमा कार्यान्वयन गर्न,
- ✓ Ethical Infrastructure निर्माण गर्न ।

सार्वजनिक प्रशासनमा असल कार्य संस्कृति कम हुनका कारणहरू

- ✓ राजनीति र प्रशासनिक प्रतिवद्धता र इमानदारिताको अभाव,
- ✓ सामाजिकीकरणमा Ethics and Morality पक्ष कमजोर हुदै जानु,

- ✓ नागरिक शिक्षा र नागरिक चेतनाको स्तर अपेक्षाकृतरुपमा विकास हुन नसक्नु,

- ✓ नागरिक समाज दलिय विभाजनका कारण क्षयीकरण हुँदै जानु,

- ✓ उत्तरदायित्व निर्वाह अरुको मात्र दायित्व हो भन्ने कमजोर मानसिकता,

- ✓ राजनीतिक अस्थिरता र सरकारी कामकारवाहीमा पारदर्शीताको अभाव,

- ✓ वस्तुनिष्ठ कार्यसम्पादन मूल्याङ्कन हुन नसक्नु,

- ✓ कर्मचारीलाई दिनुपर्ने न्यूनतम र अत्यावश्यक सुविधा उपलब्ध गराउन नसक्नु,

- ✓ दण्ड र पुरस्कारको नीतिलाई व्यवहारमा अवलम्बन गर्न नसक्नु,

- ✓ प्रशासनयन्त्र जनमुखी, पारदर्शी, निष्पक्ष, तटस्थ हुन नसक्नु,

- ✓ विभिन्न सार्वजनिक निकायहरू बीचमा कुशल रुपमा समन्वय हुन नसक्नु,

- ✓ जनसहभागिता र नागरिक समाजको यथेष्ठ परिचालन हुन नसक्नु,

- ✓ सूचनाको हक र सुशासन सम्वन्धी ऐनको व्यवहारिक कार्यान्वयन गर्न नसक्नु,

- ✓ राजनीति र प्रशासनबीचको कार्य क्षेत्रको सीमांकन हुन नसक्नु,

- ✓ प्रभावकारी अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण अभाव कायम रहनु,

- ✓ विगतबाट पाठ सिक्ने बानीको विकास हुन नसक्नु,

- ✓ कर्मचारीतन्त्रमा व्यावसायिकताको अभाव हुनु,

असल कार्य संस्कृति निर्माणका नविनतम् विधिहरू

- ✓ Digital era governance
- ✓ Citizen-Centric Administration
- ✓ Public Hearing y Social Audit
- ✓ Virtual and cross functional Organization
- ✓ People Bonus
- ✓ Team work/Group work
- ✓ One Door System
- ✓ Mobile Government
- ✓ Community Led Government
- ✓ One stop service, Citizen charter
- ✓ Hello Sarkar
- ✓ Flat structure and Functional Autonomy
- ✓ Lean and thin organization structure
- ✓ Mobile service, Desk system ,Bar Code, Mobile Apps Service,

- ✓ Networking/ Cross broader Organization ,
- ✓ Technical Audit And Performance evaluation ,
- ✓ White paper, Citizen advisory board ,
- ✓ Management audit, Ombudsman ,
- ✓ Crowd sourcing,
- ✓ Grievance handling,
- ✓ 360o evaluation system ,
- ✓ NPM, NPS, NPG ,
- ✓ Co-governance, Co-constructions, Co-productions,
- ✓ Policy Community, Community Cabinet, Citizen Jury, Citizen Shop, etc.

असल कार्य संस्कृति निर्माणका लागि गरिनु पर्ने कार्यहरू

- ✓ राजनीतिक कटिबद्धता र प्रशासनिक प्रतिवद्धता हुनु पर्ने,

- ✓ प्रभावकारी सन्तुलन र नियन्त्रणको व्यवस्था गर्ने,

- ✓ Transformative and ethical and green leadership को विकास गर्ने,

- ✓ सामाजिकीकरण प्रक्रियामा Ethics and Morality पाटोलाई बलियो बनाउने,

- ✓ निर्णय प्रक्रियालाई पारदर्शी र वस्तुनिष्ठ बनाउने,

- ✓ निर्णयका आधार र कारण खुलाउने र निश्चित समयमा नै गर्ने

- ✓ Talent Management and Creating diversity dividend,

- ✓ अनुगमन र मूल्याङ्कन प्रणालीलाई व्यवाहारिक तथ्य र तथ्याङ्कमा आधारित बनाउने,

- ✓ Whistle blower's Protection Act बनाई कार्यान्वयन गर्ने,

- ✓ Digital Culture को विकासमा जोड दिने,

- ✓ कार्य सम्पादनमा आधारित मूल्याङ्कन प्रणाली लागु गर्ने,

- ✓ Work life balance व्यवस्थापन गर्ने,

- ✓ सार्वजनिक प्रशासनलाई राजनीतिक प्रभावबाट टाढा राख्ने,

- ✓ सार्वजनिक प्रशासनसँग आवद्ध कर्मचारीहरूलाई Performance Contract गराउने र उनीहरूले दिइएको Outcomes का आधारमा वृत्ति विकासका अवसरहरू सिर्जना गर्ने,

- ✓ Developing as a learning organization,

- ✓ अनुसन्धानमा आधारित खोजमूलक पत्रकारिताको विकास गर्ने,

- ✓ Spiritualism in public organizations,

- ✓ नागरिक समाजको सशक्तिकरण गरी दलिय आवद्धतामा कमि ल्याउने,

- ✓ सूचनाको हकको प्रचारप्रसार गरी व्यवाहारिक कार्यान्वयनमा जोड दिने,
- ✓ Gratitude culture को विकास गर्ने,
- ✓ स्पष्ट परिभाषित जिम्मेवारी दिने सोही अनुरुप कार्य संपादन मूल्याङ्कन गर्ने परिपाटिको विकास गर्ने,
- ✓ Round table decision making process,
- ✓ उत्तरदायित्वलाई कार्य सम्पादनसँग आवद्ध गर्ने,
- ✓ Due diligence audit,
- ✓ निर्णय, अनुगमन र मूल्याङ्कनमा सेवाग्राहीको संलग्नतामा जोड दिने,
- ✓ Revisiting the whole organizational structure,
- ✓ व्यवसायिक उत्तरदायित्वलाई संस्थागत गर्ने प्रणालीको विकास गर्ने,
- ✓ Ensuring Organizational equity and equality,
- ✓ प्रशासनिक जटिल कार्यविधि र परम्परागत संगठन समय सापेक्ष सुधार गर्ने,
- ✓ Enhance democratic Culture,
- ✓ सामाजिक मूल्यमान्यता र पेशागत आचारसंहिताको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने, सार्वजनिक सुनुवाईमा प्रभावकारिता ल्याउने,
- ✓ Office manners and etiquettes को कुशल व्यवस्थापन गर्ने,
- ✓ Institutionalization of Innovation, creativity and collaborative culture,
- ✓ Value Reengineering of Public Organization, etc.

नेपालको सार्वजनिक प्रशासनमा सांगठनिक कार्यसंस्कृतिका प्रवृत्ति विश्लेषण

नेपालको सार्वजनिक प्रशासनमा संभवत सबै भन्दा उपेक्षित विषय नै सांगठनिक संस्कृति तथा कार्य वातावरण हो । कर्मचारी छनौटमा योग्यता प्रणाली संस्थागत भएको भएतापनि त्यस पश्चातका व्यवस्थाहरु व्यक्तिको तजविजी अधिकार र तदर्थवादमा आधारित रहेका छन्। लोकसेवा आयोगको प्रतिस्पर्धाबाट खारिएर तुलनात्मक रुपमा बजारका उत्कृष्ट र अब्बल युवाहरु जब पदस्थापन तथा कार्यसम्पादनको अवस्थामा आइपुग्दछन् तब उनीहरुको उत्साह, जोस र जागरले निराशालाई ग्रहण गर्न थाल्छ । कार्यसम्पादन तथा वृत्ति विकासका लगायत अवसरका हरेक चरणहरुमा निकै कममात्र कर्मचारिहरु सन्तुष्ट भइ अवकाश हुने गरेका छन् ।

कर्मचारीहरुको उच्च नेतृत्व देखि कार्यालय सहयोगीसम्म नै उच्चस्तरको निराशा, कुण्ठा, असन्तुष्टि, दोषारोपण, स्वार्थ, उच्चताभाष वा लघुताभाष, अपारदर्शिता, उचाल्ने पछार्ने, बजार्ने, थर्काउने लगायतका प्रवृत्तिहरु स्पष्टसँग अनुभूत गर्न सकिन्छ । नातावाद, नेतावाद, कृपावाद लगायत आग्रह र पुर्वाग्रहले सार्वजनिक प्रशासनमा जरा गाडेको छ । सार्वजनिक व्यक्तिले संस्थालाई दोहनको स्रोतको रुपमा लिने गरेका छन् ।

निष्कर्ष :

समग्र शासकिय प्रणालीमा गुणात्मक र परिमाणात्मक परिवर्तन ल्याउन सार्वजनिक निकायका हरेक काममा आम नागरिक र संचार जगतको सहज र सरल पहुँच बनाई पारदर्शी रुपमा राज्य संचालन गर्नलाई सार्वजनिक निकायमा असल कार्य संस्कृतिको आवश्यकता पर्दछ । नागरिकमैत्री शासन बनाई आफुले गरेका काम कारबाहीका सम्वन्धमा स्पष्ट रुपमा माथिल्लो निकाय र कर तिर्ने जनतालाई सुसूचित गराउने र पारदर्शिता वृद्धि गरी समग्र सुशासनलाई बलियो बनाउने मूल खम्बाको रुपमा संगठनात्मक कार्य संस्कृतिलाई लिइन्छ । सार्वजनिक पदाधिकारीहरु जनताका सेवक, सहयोगी वा प्रतिनिधि हुन र उनीहरुमा असल कार्य संस्कृत निर्माणमा Ethical infrastructure बनाउनु पर्ने आवश्यकता देखिन्छ । यसले सार्वजनिक निकायमा सेवाको पारदर्शिता अभिबृद्धिका साथै प्रभावकारितालाई सुनिश्चित गर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले आफ्नो अधिकार र कर्तव्यको मर्यादितरुपमा पालना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ र समतामूलक समाज निर्माण गर्ने कार्यमा कार्य संस्कृतको अहम् महत्व छ । लोकतान्त्रिक शासन व्यवस्थालाई बलियो बनाउनका लागि सार्वजनिक निकायका पदाधिकारीहरुले साधन स्रोतको दक्ष, प्रभावकारी र मितव्ययी तरिकाले उपयोग गरे नगरेको सम्वन्धमा आम नागरिकलाई जानकारी दिनु पर्दछ । सुशासन, भ्रष्टाचार नियन्त्रण, संस्थागत दक्षता र नागरिकहरुको माग बमोजिम सेवा उत्पादन गर्न सक्ने गतिशिल प्रशासन संयन्त्रको मूल मुहान सांगठनिक कार्यसंस्कृतिसँगै भेटिन्छ ।

सन्दर्भ सामाग्रीहरुः

कानुन किताब व्यवस्था समिति, नेपालको संविधान, २०७२, बबरमहल, काठमाडौं ।

प्रशासन सुधार सुभाव समितिको प्रतिवेदज, २०७०

सोपान मासिकका विभिन्न अंकहरु

डा. भट्ट भीमदेव, सार्वजनिक प्रशासनका आधारभूत सिद्धान्त

राजन खनाल, सार्वजनिक व्यवस्थापनका सामयिक बहस, दोस्रो परिमार्जित संस्करण, सोपान मासिक, डिल्ली बजार, काठमाण्डौं

राष्ट्रसेवक दर्पण, २०७१

विष्णु सुवेदी, प्रशासन, व्यवस्थापन, समावेशी लोकतन्त्रका नविन आयामहरु, पैरवी प्रकासन, पुतलीसडक, काठमाण्डौं

दुण्डीप्रसाद निरौला, शासन सञ्चालनका नवीन मान्यताहरु, २०७६ सोपान मासिक, डिल्ली बजार, काठमाण्डौं

दुण्डीप्रसाद निरौला, राज्य कौशलताका आधारभूत पक्षहरु, २०७६ सोपान मासिक, डिल्ली बजार, काठमाण्डा

पराग, नेपाल राष्ट्रिय कर्मचारी संगठन, २०७८

In—Flight Connectivity

Bishal Paudel
(Officer, CAAN)

When we think of flying, the first thing that comes into our mind is Air Hostess reminding us to switch off our cell phones or at least keeping them in flight mode. However, this generation of people like us, we are more into the staying connected kind. To put it in a more clear way, we like being online all the time. No matter where, no matter how. We like being addicted and connected to Social Network all day long. Apart from us, there are other people in the flight that might be undergoing a business deal, someone who needs to attend an online meeting, someone who needs to forward an important email, someone who needs to be connected and many more – not only for browsing, surfing, posting or tweeting but also for important tasks like meeting, business deals or so. Hence, being connected in-flight is no longer a luxury, it's a requirement. Not only it provides an enhanced travel experience, it also strengthens the airlines brand.

The initiator for in-flight connectivity industry was the aircraft manufacturer Boeing. Connexion by Boeing launched in 2000-2001 was designed to provide in-flight broadband service to commercial airlines. Eventually, Boeing built partnerships with United Airlines, Delta, and American. However, by 2006, Boeing closed its Connexion operation citing technology, weight, and cost issues as making the service unfeasible at the time. The Connexion hardware that needed to be installed on an aircraft, for example, weighed nearly 1,000 pounds (450 kg), which added more "drag" and weight than was tolerable for the airlines. No wonder it phased out.

Once Connexion by Boeing was shut down, several new providers emerged to deliver in-flight broadband to airlines—notably Row 44, OnAir and AeroMobile (who offer satellite-based solutions), and Aircell (which offers air-to-ground connectivity via a cellular signal).

Wi-Fi in Flight:

Provided either through a satellite network or an air-to-ground network, in-cabin Wi-Fi systems are part of several airlines now. Notably the Airbus A380 aircraft allows data communication via satellite system that allows passengers to connect to live Internet from the individual IFE units or their laptops via the in-flight Wi-Fi access.

When Boeing cancelled Connexion in 2006, hopes of inflight internet being a part of next-gen aircrafts was a raging concern. However, with each year passing by, internet access became a part of Airbuses

and Dreamliners.

Mobile Phones:

It's a general rule that using a mobile phone in flight is a straight NO. Either we have to switch it off or at least keep it in flight mode. But with advancement of technology, some carriers now allow use of mobile phones during flight. Emirates became the first airline to allow mobile phones to be used during flight. Using the systems supplied by telecom company AeroMobile, Emirates launched the service commercially on 20 March 2008. Installed first on an Airbus A340-300, AeroMobile is presently operating across the entire Emirates fleet of Boeing 777s and Airbus A380s.

Likewise, OnAir offers inflight mobile connectivity to a range of airlines through its GSM network. The GSM network connects to the ground infrastructure via an Inmarsat SwiftBroadband satellite which provides consistent global coverage.

How is it going?

Let's see some examples over here. Collins Airspace has already deliver the world's first global high-speed aviation broadband service. They offer flexible, cost-effective connectivity solutions, easily tailored to both airline and passenger needs. Such feature allows passengers to stream content to their personal devices, surf the internet, send & receive email, use social networking and messaging on their devices.

Back in 2019, Norwegian Air Shuttle or simply Norwegian launched gate-to-gate Wi-Fi connectivity which gives passengers access to the airline's Wi-Fi network as soon as they step to board on the aircraft. Customers travelling on any route across Norwegian's global network on a Wi-Fi enabled aircraft can stay connected for the entire duration of the flight from pushback to arrival at the gate. Even way before that, in 2011, they launched free Wi-Fi on board.

Delta currently offers Wi-Fi on nearly all flights across its domestic and international networks and has installed high-speed 2Ku on 60% of mainline aircraft.

Air Senegal has selected SITAONAIR

to deploy high-speed inflight connectivity (IFC) on the carrier's new A330neo aircraft – making Air Senegal the first airline on the African continent to activate GX Aviation passenger connectivity onboard.

In-Flight Connectivity in Asia-Pacific Region:

With the increase in number of aircrafts well equipped with in-flight connectivity, it has become a trend that has expanded over various regions given the rapid growth of onboard Wi-Fi across Asia.

According to a report published by Valour Consultancy, the number of connected aircraft in the Asia-Pacific region will rise to more than 5,000 in 2025 from just 333 in 2015, with much of this growth coming from airlines on the Asian continent. This prediction has been boosted by the fact how airlines from Middle East to the Far East have been investing upon in-flight connectivity.

Back in September 2017, AirAsia contracted for the GX Aviation high-speed broadband service that will cover more than 120 aircrafts. The service commenced from the first half of 2018. Singapore Airlines has already equipped B777-300ER with a latest-generation in-flight broadband service that will be installed in other aircrafts in its fleet as well. Qatar Airways already has high-speed connectivity whereas Saudia has plans to enhance its in-flight Wi-Fi products.

Our neighbor China is proving to be a market of significant interest to the in-flight connectivity suppliers. One of them is the Panasonic Avionics, which in recent years has worked with China Telecom Satellite to expand connectivity services over the country. Trials of onboard Wi-Fi connectivity has been already tried upon China Eastern Airlines, Air China, China Southern Airlines and Hainan Airlines.

Another neighbor India is also on the list of countries providing in-flight connectivity. Vistara became the first Indian carrier to offer in-flight connectivity. Although as an introductory offer, Vistara offered the service onboard international flights between Delhi and London operated by its Boeing 787-9

Dreamliner aircraft.

In India, Reliance Jio Infocomm Limited aka Jio, has already introduced Pre on Post Inflight IR Pack that are available on a per SIM card, per day, per applicable aircraft roaming network basis and can be used to send/receive emails, text or browse the internet while in-flight. The entitlements under the IFC packs can be used only during the flight, as permitted by the Airlines and the Pilot in command.

Back in 2010, Singapore Airlines was the hot cake with its announcement of a planned fleet-wide Wi-Fi rollout. So we can say Wi-Fi is not entirely new to the region. From 35000 feet, the drastic change in quality and improvement of in-flight connectivity is now a real life experience, which is expected to increase with time.

Features for In-Flight Connectivity:

- Internet Packages for Passengers (Data Packs, Time Limited, Parameters Based, etc.)
- High Performance Capacity Network
- Streaming Medias
- Connection between Cabin Crew and Passengers
- Customized Ad Platforms
- Multiple devices Connectivity within a flight

Concerns for In-Flight Connectivity:

With increasing demand for in-flight connectivity, the challenge of being under network breach is higher in air.

- A well-defined infrastructure is needed for providing in-flight service. The security measures for protection against malicious attack while being in the air needs to be well up to date and quite complex to be tampered with.
- Separation of Network Connectivity for both Passengers and Crew Members could be one thing. A common network could be a risky approach as some potential attacker could breach the network and interfere in the

communication between crew members and ground/tower control.

- To provide data services and proper bandwidth connectivity without compromising aircraft security and safety is a big challenge. Providing such service with protection may be costly. A cost-effective method is must.

- Instead of implementing in-flight connectivity as soon as it is operational, plenty of testing should be done. Testing should cover many aspects of security vulnerabilities such as confidentiality, authentication, and authorization.

Apart from that, connectivity itself outside the flight has been under concern. The reason we are continuously told to switch off or keep mobile in flight mode is simply a measure to prevent some interference between a flight communication and other signals generated from other external network systems. Nepal itself is in the phase of implementing 5g. Here is something I would like to share with.

Earlier in December, Aviation groups and the Federal Aviation Administration flagged concerns about interference with aircraft altimeters. The wireless trade group says the upgrade would not interfere with those altimeters, noting other countries have rolled out 5G without issues. The Federal Aviation Administration had raised concerns that the 5G service could interfere with aircraft radio altimeters. Earlier on December 2021, FAA issued an order that could prohibit pilots from using radio altimeters to land when visibility is low.

The above scenario is one example of how concerned Airlines are with providing in-flight connectivity. However, it should be noted and kept in mind that no one is willing to risk the safety of passengers and aircraft. For safety concerns, there should be rules & regulations laid out by CAAN which will act as a foundation for establishing in-flight connectivity in Nepalese air carriers. CAAN, Airlines and ISPs need to work together to find out any risks involved with providing in-flight connectivity. Soon enough with equal cooperation and collaboration we will be able to provide connectivity within the flight.

To Conclude:

The news of being a part of connected flight is not new. Since two decades, Wi-Fi and connectivity have become a part of in-flight service. This may be new for a country like ours where we have not been able to fully enjoy the privileges that could come from within an in-flight service. Just like the above mentioned examples and current scenarios, Nepalese Airlines can also coordinate with Nepal Telecom, Ncell or other ISPs for providing inflight connectivity. What we need is a good infrastructure for dispersing the required range of connectivity for the airlines. There's still a long way to go when it comes to the quality of Wi-Fi offered in the sky. We already are experimenting with 5g networks and other wide range of networking. Hopefully the day is not far when we will be able to go live from within the flight.

References:

- *In-flight Connectivity Solutions, Collins Airspace, 2021, Last Accessed: 24 Dec, 2021*

<https://www.collinsaerospace.com/what-we-do/Commercial-Aviation/Connected-Cabin/Connectivity-Solutions>

- *Up in the Air, Future Travel Experience, 2021, Last Accessed: 26 Dec, 2021*

<https://www.futuretravelexperience.com/up-in-the-air/>

- *The Indian Express, 2021, Last Accessed: 26 Dec, 2021*

<https://indianexpress.com/article/india/vistara-to-offer-in-flight-wifi-on-dreamliner-aircraft-from-friday-6600231/>

- *Airlines, CNBC, 2021, Last Accessed: 24 Dec, 2021*

<https://www.cnbc.com/2021/12/22/aviation-telecom-groups-agree-to-share-data-to-help-resolve-5g-safety-concerns.html>

- *Feature, CIO, IDG Communications, 2021, Last Accessed: 24 Dec, 2021*

<https://www.cio.com/article/217980/in-flight-connectivity-5-critical-concerns-for-airline-operators.html>

- *Terms and Conditions, In-Flight Service, Jio, 2021, Last Accessed: 26 Dec, 2021*

<https://www.jio.com/en-in/terms-conditions-inflight-service>

गौरी ढकाल
अधिकृत
नेपाल नागरिक उड्डयन प्राधिकरण

नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानको

OPAC र ई - पुस्तकालय:
एक परीचय

"A Person Who Graduated Yesterday, Stops Learning Today, Will Be Uneducated Tomorrow."

– Annonymous

परिचय

पुस्तकालय शब्द 'पुस्तक' र 'आलय' मिलेर बनेको छ । आलय भन्नाले पुस्तक राख्ने ठाउँ, कोठा वा घर भन्ने हुन्छ । सामान्यतया पुस्तक, पत्रपत्रिका, रिपोर्ट, प्रतिवेदन, अडियो-भिडियो, सी.डी लगायत पछिल्लो समयमा विज्ञान प्रविधिको प्रयोगमा मानव जातिले हासिल गरेका सफलतासँगै विद्युतीय माध्ययमा उपलब्ध ज्ञान, सुचना र जानकारीमुलक सामाग्रीहरुको संग्रह गरिने घरलाई पुस्तकालय भनिन्छ । यसरी पुस्तकालयलाई पुस्तक राख्ने घरको रुपमा मात्र हेरियो भने अवश्य पनि पुस्तकालयप्रति अन्याय हुन्छ ।

सुचना तथा प्रविधिको विकासले गर्दा आधुनिक पुस्तकालयहरु एउटा पर्खालभित्र सिमित नरही भुमण्डलीकरण भइसकेको छ । मानव सभ्यताको विकास क्रममा मानिसहरुले सृजना गरेका ज्ञान सामाग्रीहरुको संकलन र संरक्षण गरिएको स्थानलाई पुस्तकालय भन्ने मान्यता आजको सन्दर्भमा संकुचन भैसकेको छ । त्यसैले पुस्तकालय एउटा खुल्ला विश्वविद्यालय हो, सुचना र ज्ञान सामग्रीको व्यवस्थित भण्डारण पनि हो ।

पुस्तकालयको मुख्य कार्य भनेको माग र आवश्यकता अनुसारका विभिन्न सुचना तथा ज्ञान सामाग्रीहरुको छनौट, संकलन, प्रशोधन, व्यवस्थापन, भण्डारण, संरक्षण तथा सम्प्रेषण गरी पाठकलाई सही सुचना, सही रुपमा सही समयमा उपलब्ध गराउनु नै हो । सुचना र सञ्चार प्रविधिको विकासले पुस्तकालयको क्षेत्रमा पनि ज्यादै, ठुलो क्रान्ति नै ल्याएको छ, जसले गर्दा आज कम्प्युटरको एक क्लिकको भरमा आफुलाई चाहेको सुचना छिनभर मा प्राप्त गर्न सम्भव भएको छ । सुचना तथा सञ्चार प्रविधिको विकासले हरेक क्षण लाखौं लाख ज्ञान सामाग्रीहरूको श्रृजना भइरहेको अवस्थामा त्यस्ता ज्ञान सामाग्रीहरूको सही छनौट, सङ्कलन, व्यवस्थापन, प्रसारण गर्ने र भावी पुस्ताका लागि संरक्षण साथै संवर्धन गर्ने महत्वपुर्ण जिम्मेवारी पुस्तकालयको हुन्छ । मुख्य गरी ज्ञान सामाग्रीहरु उत्पादन गर्ने क्रममा जसरी परिवर्तन हुँदै आएको छ त्यस्तैगरी ज्ञान सामाग्रीहरुको संकलन र व्यवस्थापनको आधारमा पुस्तकालयको विकासक्रम पनि हुँदै गएको देखिन्छ । जस्तै प्राचिन मानव सभ्यताको माटाको खबटादेखि विस्तारै विकसित हुँदै म्यानुअल पुस्तकालय, हाइब्रिड पुस्तकालय, डिजिटल पुस्तकालय र ई - पुस्तकालय सम्म विकसित भएको देखिन्छ ।

पुस्तकालयको वर्गीकरण

राष्ट्रिय पुस्तकालय (National Library), सार्वजनिक पुस्तकालय (Public Library), शैक्षिक पुस्तकालय (Academic Library), विशिष्ट पुस्तकालय (Special Library) आदि जस्ता पुस्तकालयको वर्गीकरण गरिएको देखिन्छ । हाल डिजिटल (Digital) ज्ञान सामग्रीका रुपमा विभिन्न किसिमका पुस्तकालयको विकास भएको पाइन्छ । जसलाई निम्न बमोजिम वर्गीकरण गरिएको छ ।

१. म्यानुअल पुस्तकालय:

म्यानुअल पुस्तकालय भन्नाले कुँदिएका, कोरिएका, लेखिएका र छापिएका ज्ञान सामाग्रीहरुको छनोट, संकलन, व्यवस्थापन, प्रशासन, संरक्षण र संवर्धन गर्ने कार्यलाई बुभ्राउँदछ । यस्ता पुस्तकालयहरुको मुख्य उदेश्य ज्ञान सामग्रीहरुको संरक्षण गर्नँ हो ।

२. हाइब्रिड पुस्तकालय:

हाइब्रिडलाई अंग्रेजीमा, "Combination or Cross link of two or more types / formats." भनिन्छ । यस प्रकारका पुस्तकालयहरूमा छापिएका (printed) र नछापिएका (Non–printed) ज्ञान सामग्रीहरू रहेका हुन्छन्।

३. डिजिटल पुस्तकालय:

विद्युतीय ज्ञान सामाग्रीहरूमा संकलनगरिएका ज्ञान सामग्रीहरू) मात्र संकलन गर्ने र यो ज्ञान सामाग्रीहरुलाई पुस्तकालय तथा सुचना विज्ञानको नियमानुसार व्यवस्थित गरी निर्माण गरिएका पुस्तकालयलाई डिजिटल पुस्तकालय भनिन्छ। यस पुस्तकालयहरूमा छापिएका ज्ञान सामग्रीहरु सङ्कलन गरिदैन । त्यसैले यस्ता पुस्तकालयलाई कागजबिनाको पुस्तकालय (Paperless Library) पनि भनिन्छ ।

४. ई-पुस्तकालय:

विद्युतीय पुस्तकालयलाई छोटकरीमा ई-पुस्तकालय (E–Library) भनिन्छ । यदि कुनै पनि पुस्तकालयबाट सुचना सामाग्री (सिङ्गो पुस्तक पत्रिका र जर्नलका लेख रचना) कम्प्युटरका माध्यमले जुन सुकै ठाउँबाट डाउनलोड गरी अध्ययन गर्ने सुविधा प्राप्त गर्न सकिन्छ भने त्यस्ता पुस्तकालयलाई ई-लाइबेरी भनिन्छ । यो सुचना तथा सञ्चार प्रविधिको विकाससँगै विकास भएको पुस्तकालयको आधुनिक स्वरूप हो । यस किसिमको पुस्तकालयमा पाठकहरुले विद्युतीय ज्ञान सामाग्रीहरु विभिन्न माध्यमबाट (लेखक, शीर्षक, विषय, किबोड, प्रकाशक आदि) खोजी गर्दा पुर्ण पाठ (Full format) नै प्राप्त गर्न सक्दछन्।साथै पुस्तकालयहरुमा राखिएका ज्ञान सामाग्रीहरु इन्टर नेटका माध्यमबाट ज्ञान सामाग्रीहरु खोजी पुर्णअशं (Full Text) नै अध्ययन गर्न सकिन्छ । यसलाई Online Library (अनलाइन पुस्तकालय) पनि भनिन्छ । सबै websites ई-पुस्तकालय हुँदैन किन कि सबै websites हरुले चाहिएको ज्ञान सामाग्रीहरु खोजी गरी ई-पुस्तकालयमा जस्तो उपलब्ध गराउँदैनन्।तर ई-पुस्तकालयले खोजी गर्ने सुविधा साथै ज्ञान सामग्रीको उपलब्धताको सुनिश्चितता गराउँछ । वास्तवमा ई-पुस्तकालय सञ्चालन,

व्यवस्थापन साथै प्रयोग गर्न इन्टरनेटको आवश्यकता पर्दछ। ई-पुस्तकालयका दुई वटा मोडेलहरू रहेका छन् जुन निम्नानुसार छन्।

(१) अनलाइन मोडेल (Online Model)

Online Model ई पुस्तकालयको वास्तविक मोडेल हो। यस model मा ई-पुस्तकालय सञ्चालन, व्यवस्थापन र यथावधिक गर्न इण्टरनेटको आवश्यकता पर्दछ। यस्ता model को पुस्तकालयमा रहेको ज्ञान सामग्रीहरु प्रयोग गर्न, प्राप्त गर्न (Download) पनि क्षतभचलभत को आवश्यकता हुन्छ। नेपालमा यस्ता मोडेलका पुस्तकालय विशेष गरी पाठ्यक्रम विकास केन्द्र, साभ्रा शिक्षा इ-पार्टी नेपाल शैक्षिक जनशक्ति विकास केन्द्र, सामान्य प्रशासन मन्त्रालय, कृषि अनुसन्धान परिषद, बन अनुसन्धान, नेपाल स्वास्थ्य अनुसन्धान काउन्सिल, नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय, नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान, सानो ठिमी, आदिले सञ्चालनमा ल्याएका छन्।

(२) अफलाइन मोडेल (Offline Model)

यो model को ई-पुस्तकालय पुस्तकालयको परिभाषा भित्र पर्दैन। यो model भनेको Internet को सुविधा नभएका अवस्थामा पनि चलाउन सकिने ई-पुस्तकालयलाई बुभ्राउँदछ। यस्ता पुस्तकालयमा ज्ञान सामग्रीहरुको व्यवस्थापन, सञ्चालन गर्न, Internet को आवश्यकता हुँदैन साथै ज्ञान सामग्रीहरु प्रयोग गर्न, प्राप्त गर्न (Download) पनि Online Model मा जस्तो Internet को आवश्यकता पर्दैन यस्ता किसिमका ई-पुस्तकालयहरु Local computer मा नै राखिएको हुन्छ र खोज्ने (Search) साथै प्राप्त गर्ने (Download) sfd Local Computer बाट नै गरिन्छ। Offline Model मा भने e – library update गरेपछि मात्र उपलब्ध हुन्छन। साभ्रा शिक्षा इ-पार्टी नेपालले (OLE Nepal) दुवै किसिमका मोडेलहरू भएको ई-पुस्तकालय निर्माण गरेको छ।

नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान पुस्तकालय

नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गत नेपालमा रहेका विमानस्थलहरुमा आवश्यक दक्ष प्राविधिक एवं प्रशासनिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले गठन भएको नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान एउटा महत्वपूर्ण निकाय हो। वि.सं. २०३१ मा नागरिक उड्डयन तालिम केन्द्रका रुपमा रहेको यस संस्थालाई पछि UNDP (United Nations Development Programme), ICAO (International Civil Aviation Organization), ITU (International Telecommunication), TU (Tribhuvan University) र नेपाल सरकारको सहयोगमा गठित यस संस्था वि.सं. २०३३ देखि सञ्चालित हुन पुग्यो। यस संस्थाको नामाकरण तत्कालीन हवाई विभाग नागरिक उड्डयन प्राधिकरणमा रुपान्तरण भएसँगै वि.सं. २०५५ साल पौष १६ गतेदेखि नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान (Civil Aviation Academy) हुन पुग्यो।

ना. उ .प्र प्रतिष्ठानको स्थापनाकाल देखि नै पुस्तकालयको अवधारणा रहेता पनि यसको सहि रुपमा व्यवस्थापन हुन सकेको थिएन। पुस्तकालयलाई परम्परागत ढङ्गमा सञ्चालन गरिदै आएको पाइन्छ। पुस्तकालयलाई एउटा पुस्तक भण्डार गर्ने थलोको रुपमा विकास गरिएको देखिन्छ। त्यतीबेला देखि नै पुस्तकालयको अवधारणा भएता पनि वि.स २०७२ सालदेखि पुस्तकालय तथा सुचना विज्ञान विषयको अध्ययन गरेको जनशक्ति उत्पादन गरेपछि मात्र CAAले पुस्तकालय व्यवस्थापनमा वैज्ञानिक पद्धती अपनाउन थालेको देखिन्छ। जुनसुकै विषयको पनि आ-आफ्नो विषय विज्ञ रहेता पनि पुस्तकालय व्यवस्थापनलाई वैज्ञानिक तथा पुस्तकालय विज्ञानको नियमानुसार व्यवस्थापन संकलन, संबर्धन, संरक्षण तथा सम्प्रेषण गर्ने कार्यको सुरुवात भने २०७२ /०७३ देखि मात्र शुरु भएको पाइन्छ।

यस प्रतिष्ठानले दक्ष जनशक्ति प्राप्त गरे सँगसँगै पुस्तकालयमा संकलन भएका पाठ्यपुस्तकको व्यवस्थापन र ज्ञान सामग्रीहरुको संकलन गरी त्यस्ता ज्ञान सामग्रीहरुको व्यवस्थापन संरक्षण र संवर्धन गर्न एउटा छुट्टै पुस्तकालय इकाईको व्यवस्था गरिएको छ। साथै यस प्रतिष्ठानले आफ्नो

छुट्टै इ-पुस्तकालयको विकास विसं २०७५ सालदेखि गर्दै आइरहेको छ जहाँ यस प्रतिष्ठानले उत्पादन गरेका विभिन्न समयका रिपोर्ट तथा Annex हरु Digital सामग्रीका रूपमा समाविष्ट गरिएको छ।

यस प्रतिष्ठानमा रहेको पुस्तकालयको मुख्य उद्देश्य भनेको CAAले प्रकाशन गरेका सबै प्रकारका ज्ञान सामग्रीहरु लगायत विश्वमा प्रकाशन भएका नयाँ नयाँ विविध विधाका ज्ञान सामग्रीहरुको संकलन, व्यवस्थापन साथै संरक्षण एवंम संबर्धन गर्दै पुस्तकालय तथा सुचना सेवा उपलब्ध गराउनु रहेको छ।

OPAC (Online Public Access Catalogue) को व्यबस्था

हाल यस प्रतिष्ठानको पुस्तकालयमा लगभग 2000 को संख्यामा विविध विधाका ज्ञान सामग्रीहरू रहेका छन्। सङ्कलनहरुलाई क्रमिक रुपमा आवश्यकता र बजेट अनुसार बढाउने कार्य भइरहेको छ। यस पुस्तकालयमा संकलन भएका ज्ञान सामग्रीहरुलाई पुस्तकालय तथा सुचना विज्ञानका नियमानुसार अनलाइन डाटाबेस (Online Public Access Catalogue– OPAC) साथै अफलाइन डाटाबेस निर्माण गरी व्यवस्थापन गरिएको छ। OPAC भन्नाले Internetको सहयोगमा कुनै पुस्तकालयका ज्ञान सामग्रीहरु खोज्नका लागि बनाइएको Online पुस्तकालय सुचीकरण (Online Library Catalogue) हो, जसले पुस्तकालयमा नगई पुस्तकालयमा के के ज्ञान सामग्रीहरु (लेखक, शीर्षक, विषयअनुसार खोजी गर्दा) छन्, पुस्तकालयको कुन स्थानमा छन् सो देखाउने साधन हो।

यस प्रतिष्ठानले निर्माण गरेको OPAC(ओपेक) मा नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानको पुस्तकालयमा के के ज्ञान सामग्रीहरू छन्, पुस्तकालयको कुन स्थानमा रहेका छन् विब्लियोग्राफी विस्तृतीकरण (Bibliographic Details) विश्वको जुनसुकै स्थानबाट Internet मार्फत प्राप्त गर्न सकिन्छ। साथै World Cat Discovery को सामान्य विशेषता यसमा प्रयोग गरिएको छ, World Cat Discovery भन्नाले आफ्नो पुस्तकालयमा भएका ज्ञान सामग्रीको विब्लियोग्राफी विस्तृतीकरण (Bibliographic Details) लगायत अन्य स्थानमा रहेका विविध ज्ञान सामग्रीहरुको विवरण र पुर्ण अंश (Full Text) उपलब्धताको जानकारी उपलब्ध गराउनु हो। यस प्रतिष्ठानको ओपेक (OPAC) बाट ज्ञान सामग्रीहरु खोजी गर्दा Bibliographic Details र Full Text को विवरण एक साथ उपलब्ध गराउँछ। यसको व्यवस्थापनका लागि PMB (Php MyBibli) र Resource Space दुई वटा निशुल्क उपलब्ध हुने पुस्तकालय तथा सुचना व्यवस्थापन सम्बन्धी Software प्रयोग गरिएको छ।

यस पुस्तकालयमा रहेको ज्ञान सामग्रीहरू खोज्नका लागि पुस्तकालयको Computer मा रहेको बिब्लियोग्राफी डाटाबेस (Bibliographic Database) बाट गरेको छ। साथै Internet का माध्यमबाट अनलाइन सुचीकरण (online Public Access Catalogue – OPAC) को व्यवस्था पनि वि.सं २०७५ देखि सुरु गरिसकेको छ। अनलाइन सुचीकरणबाट पुस्तकालयमा भएका ज्ञान सामग्रीहरु हामीले CAA को websites (https://academy.caanepal.gov.np) को URL कोगृहपृष्ठमा रहेको Library मेनुमा अष्िअप गरेपछि आएको Online पृष्ठ (OPAC) को Search Option बाट खोज्न सकिन्छ। यसपृष्ठमा लेखक, शीर्षक, विषयबाट पुस्तकालयमा रहेको ज्ञान सामग्रीहरू रहे नरहेको खोज्न सकिन्छ। यदि ज्ञान सामग्री रहेको भए त्यसको Bibliographic Detail देखिन्छ र सो Bibliographic Details मा दराजमा कहाँ रहेको ठेगाना call No (पुस्तकको ठाउँमा लेखिने नम्बर जस्तै 570 Rai–t,2011 जस्ता कुराहरु लेखिएको हुन्छ) उपलब्ध हुन्छ। सोहि Call no. अनुसार ज्ञान सामग्रीहरु हामीले दराजमा खोजी पढ्न सकिन्छ।

ई - पुस्तकालयको व्यबस्था

यस प्रतिष्ठानले स्थापनाकालदेखि नै पुस्तकालय तथा सुचना सेवा उपलब्धता गराउने उद्देश्यले पुस्तकालयको व्यवस्थापन गर्दै आएकामा वि.सं - २०७५ देखि सुचना तथा सञ्चार प्रविधिको प्रयोग गरी पुस्तकालय तथा सुचना विज्ञानको नियमानुसार ई-पुस्तकालयको व्यवस्थापन गरेको छ। यस ई-पुस्तकालयमा विशेषत ICAO ले प्रतिपादन गरेका १९ वटाAnnexes हरु

राखिएको छ । संस्थाको उद्देश्य अनुरूप यसलाई अरु आवश्यक Audio, Video तथा Aviation सँग Related DOC हरु पनि थपिदै लैजाने योजना रहेको छ । यसमा राखिएका सबै ज्ञान सामग्रीहरू पुर्ण रुपमा नि:शुल्क रूपमा प्रयोग गर्नँका साथै प्राप्त गर्न (Download) सकिन्छ । विशेषत यस ई -पुस्तकालयको एउटा प्रमुख विशेषता OPAC र ई-पुस्तकालयलाई एकै ठाउँमा समायोजन गरिएको छ । एक ठाउँमा समायोजनको अर्थ Online पुस्तकालयको Home Pageमा रहेको Search Option बाट शीर्षक, लेखक, विषय, प्रकाशक आदिबाट नै OPAC र ई - पुस्तकालयको सेवा प्राप्त गर्न सकिन्छ । त्यस्ता ज्ञान सामग्रीहरूको डिजिटल सामग्री बनाउने कार्य निरन्तर भैरहेको र चाडै नै त्यस्ता ज्ञान सामग्रीहरुलाई ई-पुस्तकालयको संकलनमा राख्दै जाने कार्य भइरहेको छ ।

ज्ञान सामग्री खोज्ने विधि

ई-पुस्तकालय OPAC मा ज्ञान सामग्रीहरू खोज्न र प्राप्त गर्न पुस्तकालयको Website हुनुपर्दछ । सोही बमोजिम यस प्रतिष्ठानको ई-पुस्तकालयबाट ज्ञान सामग्रीहरू खोज्दा सर्व प्रथम CAAको Website https://academy.caanepal.gov.np/ मायिनष्ल गर्नँपर्दछ । यसपछि CAAको Home page मा रहेको Library भन्ने एउटा Menu मा Click

अनलाइन सुचीकरण (OPAC) पृष्ठ

खोजी गरी देखिएको Bibliographic Detail र Call no.

ई-पुस्तकालयको गृह पृष्ठ

ई-पुस्तकालयमा ज्ञान सामग्री खोजि गर्दाको परिणाम

गरेपछि CAA को Online Catalogue पृष्ठ देखापर्छ, Online Catalogue पृष्ठमा रहेको विभिन्न मेनुहरुबाट विभिन्न प्रकारका ज्ञान सामग्रीहरू खोज्न सकिन्छ। साथै Online Catalogue पृष्ठमा रहेको Search Option मा हामीलाई आवश्यक परेका ज्ञान सामग्रीहरू लेखक, शीर्षक, विषय (by Authors, Titles, subjects, keywords etc आदिबाट खोजी गरी प्राप्त गर्न सकिन्छ। यस्तैगरी Online Catalogue पृष्ठमा E–Library मेनुमा क्लिक गरेपछि CAA को ई-पुस्तकालयको पृष्ठ देखापर्छ। अब ई-पुस्तकालय पृष्ठमा रहेको Search Options बाट आवश्यकता अनुसार (by Author titles, subjects or keywords) ज्ञान सामग्रीहरु खोजी नि:शुल्क प्राप्त गर्नुका साथै पढ्न   पनि सकिन्छ।

प्रयोगको अबस्था

जुनसुकै किसिमका पुस्तकालय भएता पनि यसको प्रमुख उद्देश्य भनेको सही सुचना सही समयमा, सही पाठकलाई सही स्वरुपमा उपलब्ध गराउनु हो। यसरी यस प्रतिष्ठानको वि.सं २०७५ देखि आधुनिक पुस्तकालयको उदेश्य अनुरूप अनलाइन सुचीकरण (OPAC) र प्रशिक्षण प्रतिष्ठानले विकास गरेका ज्ञान सामग्रीहरुलाई सही समयमा आवश्यक भएका पाठक समक्ष उपलब्ध गराउन ई-पुस्तकालयको व्यवस्था गरेको हो। यसको प्रयोगका साथै आवश्यकताको विषयमा चर्चा गर्दा यस प्रतिष्ठानबाट विकास गरिएका ज्ञान सामग्रीहरु प्राप्त गर्न छिटो छरितो साथै Internet भएको विश्वको जुनसुकै कुनाबाट पनि प्राप्त गर्न सजिलो भएको देखिन्छ। वि.सं २०७५ मा विकास गरिएको ऋब्ब को ई-पुस्तकालयको प्रयोग भने बिस्तारै हुन थालेको पाइन्छ र यस संस्थानका कर्मचारिहरुको पुस्तकालय प्रयोग प्रतिको अभिरुचि बढ्ने क्रममा नै देखिन्छ।यसकारण आधुनिक पुस्तकालय निर्माणमा के कस्ता जनशक्तिको आवश्यक पर्छ ,पुस्तकालय व्यवस्थापन भित्र के के काम पर्दछन

कसरी पुस्तकालयकर्मीले पाठकलाई सेवा दिने वेला सम्म के कस्ता प्राविधिक कार्य गरे मात्र पाठक समक्ष सही सुचना सम्प्रेषण गर्न सक्छ भन्ने कुरा बुभ्रन आवश्यक देखिन्छ ।

निश्कर्ष:

यस प्रतिष्ठानले स्थापना कालमा परम्परागत रूपमा पुस्तकालयको व्यवस्थापन गर्दै आएको देखिएता पनि विस्तारै सुचना प्रविधिको विकास सँगै दक्ष जनशक्ति उत्पादन गर्दै ई-पुस्तकालयको प्रयोगकर्ता बढाउन सम्पुर्ण पाठक कर्मचारीहरुले एक पटक आफ्नो संस्थाको Website Check गरी प्रतिष्ठानको ध्मदकष्तभ (https://academy.caanepal.gov.np) मा गएर Home Page को Library menu मा Click गरि आफ्नो संस्थामा के कस्ता ज्ञान सामग्रीहरु उपलब्ध रहेछन् भनी क्भबचअज गरी हेरेको खण्डमा पुस्तकालयले असल पाठक प्राप्त गरी आफ्नो भुमिका निभाउन सफल हुने देखिन्छ । Library Is Growing Organism यस पेशामा कहिल्यै पनि कामको अन्त्य हुँदैन । त्यसैले भनिन्छ "The Profession Of A Library Is Not The Bed Of Roses". आगामि समयमा पुस्तकालयको दिगोपनाका लागि ज्यादै महत्वपुर्ण कामहरू अभ्रै गर्नपर्ने देखिन्छ।

सन्दर्भ सामग्रीहरू:

Adhikari, I.P (2008). Library and resource centre management and operation, KathmanduM Library Management Service Center.

Manandhar, Triratna (2078). Hot Chair.

Rai, AK, and Subba, D. (2011) Textbook of Library and Information Science, Kathmandu : Vidharthy Pustak Bhandar.

शिक्षा, बर्ष ३४, अङ्क १, संख्या ४६, २०७४. पृष्ठ१२

Vaidya, Bina (2002). The need of developing electronic libraries in Nepal, TULSSAA Journal vol.2, No 2M26(29).

Website of Civil Aviation Academy - https://academy.caanepal.gov.np/